आज मिति २०८१ साल भदौ ३१ गते सोमबारका दिन बिहान ९:०० बजे त्रिवेणी गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री खिम बहादुर रावत ज्यूको अध्यक्षतामा तथा तपसिलको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णय गरियो ।

<u>उपस्थिति</u>

| क्र.स. | नाम,थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री खिम बहादुर रावत | अध्यक्ष | |
| २ | श्री सिता खडका पुन | उपाध्यक्ष | |
| ३ | श्री दल बहादुर बस्नेत | वडा अध्यक्ष - वडा नं.१ | |
| ४ | श्री हस्त बहादुर रामजा | वडा अध्यक्ष - वडा नं. २ | |
| ५ | श्री कर्णदिव डाँगी | वडा अध्यक्ष - वडा नं.३ | |
| ६ | श्री छविराज शर्मा | वडा अध्यक्ष - वडा नं.४ | |
| ७ | श्री विमल रावत | वडा अध्यक्ष - वडा नं. ५ | |
| ८ | श्री मनोज शाह | वडा अध्यक्ष - वडा नं. ६ | |
| ९ | श्री अमृता वि.क. | कार्यपालिका सदस्य | |
| १० | श्री पार्वती वि.क. दर्लामे | कार्यपालिका सदस्य | |
| ११ | श्री रत्न कुमारी बोहरा | कार्यपालिका सदस्य | |
| १२ | श्री तुलसी रावत | कार्यपालिका सदस्य | |
| १३ | श्री तुलाराम सुनार | कार्यपालिका सदस्य | |
| १४ | श्री हिरालाल परियार | कार्यपालिका सदस्य | |
| १५ | श्री खुम बहादुर के सी | सचिव | |

आमन्त्रित

श्री तिलक रावल
श्री शिवराज गोसाई
श्री सन्तोष सापकोटा
श्री अमरसिं बगाल

अधिकृत छैठौं
इन्जिनियर
लेखापाल
योजना शाखा प्रमुख

**निर्णयहरु**

निर्णय नं. १ - प्रस्ताव नं. १ माथि छलफल गर्दा, त्रिवेणी गाउँपालिकाको व्यापार -व्यवसाय(दर्ता तथा संचालन) कार्यविधि २०८० संशोधनका लागि पेश भएको मस्यौदा वमोजिम संशोधन गर्ने निर्णय गरियो ।

निर्णय नं. २ - प्रस्ताव नं. २ माथि छलफल गर्दा, त्रिवेणी गाउँपालिकामा कार्यरत इन्जिनियरिङ सेवा तर्फका प्राविधिक कर्मचारीहरुको तपशिल वमोजिमको कार्यक्षेत्र तोक्ने ।

| | |
|---|---|
| १.श्री लक्ष्मण देवकोटा | वडा नं. १ |
| २.श्री ओमजंग थापा | वडा नं.२ |
| ३.श्री सुर्य वहादुर ओली | वडा नं. ३ |
| ४. श्री सन्तोष पण्डीत | वडा नं. ४ |
| ५. श्री अमर सिं रावत | वडा नं. ५ |
| ६.श्री सिर्जन वोहरा | वडा नं.६ |
| ७. श्री रविन्द्र फुलारा | पालिका तथा वडा नं. ६को अतिरिक्त जिम्मेवारी |

निर्णय नं. ३ - प्रस्ताव नं. ३ माथि छलफल गर्दा, इन्जिनियरिङ सेवामा कार्यरत कर्मचारीहरुको फिल्ड सुविधा सम्वन्धी कार्यविधि,२०८१ को मस्यौदा सम्वन्धमा दफावार छलफल गरी पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ - प्रस्ताव नं. ४ माथि छलफल गर्दा, त्रिवेणी गाउँपालिका वडा नं. ४ मा सञ्चालन रहेको हिमपर्वत एकेडेमी इङलीस बोर्डिङ स्कुलले त्रिवेणी गाउँपालिका वडा नं. ६ मा स्थानान्तरण गरी कक्षा सञ्चालनको लागि अनुमति माग गरेकोमा प्राप्त कागजात भौतिक पुर्वाधारको अवस्था समेतको आधारमा कक्षा ६ सम्म सञ्चालनको लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ - प्रस्ताव नं. ५ माथि छलफल गर्दा, शिक्षा समितिको मिति २०८१/०५/२४ गतेको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

CamScanner

निर्णय नं. ६ - प्रस्ताव नं. ६ माथि छलफल गर्दा, मिति २०८१/०५/२८ गते आएको अविरल अतिवृष्टीजन्य वर्षादको कारणले पालिकाका विभिन्न वडाहरुको सडक बन्द भएको हुँदा उक्त सडकहरु तत्काल सञ्चालनमा ल्याउनको लागि मर्मत गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ - प्रस्ताव नं. ७ माथि छलफल गर्दा, चालु आ.ब.२०८१/०८२ का योजना तथा कार्यक्रम समयमा नै कार्यान्वयन गर्नको लागि उपभोक्ता समिति गठन प्रक्रिया यथाशिघ्र सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ८ - प्रस्ताव नं. ८ माथि छलफल गर्दा, स्वास्थ्य तर्फका अति विपन्न, असाध्य रोग ग्रस्त, नागरिकको उपचारको लागि कार्यविधिको आवश्यकता भएको हुँदा अन्य मौजुदा कानुन सँग दोहोरोपना नहुने गरी कार्यविधिको मस्यौदा निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं. ९ - प्रस्ताव नं. ९ माथि विविध विषयमा छलफल गर्दा तपसिल वमोजिमको निर्णय गरियो ।

क) त्रिवेणी गाउँपालिका अन्तर्गत श्री सिद्ध आधारभूत विद्यालयमा रिक्त रहेको प्रा.वि.तह स्वीकृत दरवन्दी पदमा शिक्षक (करार) नियुक्तिका लागि शिक्षक पदपूर्ति गर्नका लागि विज्ञापन खोल्न अनुमति माग गर्ने भनि विद्यालय व्यवस्थापन समितिको निर्णय र विद्यालयको पत्रानुसार अस्थायी करारमा विज्ञापन खोल्न अनुमति माग भई आएकोले १५ दिनको समय म्याद राखि विज्ञापन खोल्न अनुमति दिने ।

ख) यस त्रिवेणी गा.पा. अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुको आ.ब. २०८०/०८१ को मान्यता प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गर्नको लागि १५ दिनको म्याद राखी सूचना प्रकाशित गर्ने ।

ग) त्रिवेणी गाउँपालिका वडा नं. ३ अवस्थित रिङ्गाटे डाडामा पार्क निर्माणको लागि बजेट माग भएको र स्थानीय युवाहरु स्वत: रुपमा श्रमदानमा जुटी पार्क निर्माणको कार्य गरिरहेको हुँदा युवाहरुको श्रमदानमा साझेदारी हुने गरी उक्त स्थानमा खानेपानी धारा विस्तार तथा पार्क निर्माण कार्यका लागि आवश्यक बजेट बन तथा बातावरण शिर्षकबाट भुक्तानी दिने गरी कार्य अगाडी बढाउने ।

पुल बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

घ) विद्यालयको तलब भत्ता तथा अन्य भुक्तानी माग गर्दा वडा कार्यालयको सिफारिस अनिवार्य रुपमा माग गर्ने।

ङ) त्रिवेणी गाउँपालिका वडा नं. ५ मा बस्ने श्री डिल्लीराम रेउलेको बुहारी हरि रेउलेको श्रीमति निर्मला बुढाथोकीको मिति २०८०/०२/१३ गतेका दिन रुखबाट लडेर स्पाइरल इन्जुरी भई दैनिक काम काज गर्न असहज भई आर्थिक सहयोगको लागि सिफारिस भई आएको हुँदा रु. ७००० आर्थिक सहयोग उपलब्ध गराउने ।